# बर्दिवास नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०७५

प्रमाणिकरण मिति: २०८२/०४/०४

प्रस्तावना: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "बर्दिवास नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सहकारी ऐन, २०७५ मा संशोधन: सहकारी ऐन, २०७५ को,-

(१) दफा २ को खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छ –

(थ१) "प्राधिकरण" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०३ क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।

(२) दफा ५ को उपदफा २ को खण्ड (च) पछी देहाय बमोजिमको खण्ड थपिएकोछ।

(छ) तोकिए बमोजिम अन्य कागजातहरु

३. दफा १२ को उपदफा (५) "साना किसान विकास बैंक"

सट्टा

साना किसान लघु वित्त संस्था राखिएकोछ।

४. दफा १९ को उपदफा (२) मा उपदफा (१) को स्वीकृत वा संसोधन भन्ने शब्द पछी "वा पुर्नलेखन" भन्ने शब्द थपिएकोछ।

५. दफा ३० को उपदफा (१) प्रतिबन्धात्मक व्यवस्था "तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढी सञ्चालक हुन पाउने छैन्।"

सट्टा

Scanned with CamScanner

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

तर कुनै पनि व्यक्ति लगातार दुई कार्यकाल भन्दा बढी अवधिका लागि अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा निर्वाचित हुन सक्ने छैन् राखिएको छ।

६. दफा ३० को उपदफा (७) "सञ्चालक समितिमा एक जना अध्यक्ष सहित कम्तीमा ७ र बढीमा १५ जना सञ्चालक रहन सक्नेछन्"

सट्टा

"सञ्चालक समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष एवम् बढीमा ५ जना सदस्यहरू रहने छन्। तर सञ्चालक समिति कम्तीमा ५ सदस्यीय हुनु पर्नेछ।"

७. दफा ३७ को उपदफा (३) मा थप

"यस समितिमा संयोजक दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन सक्ने छैन्।"

८. दफा ३९ को उपदफा (६) (ग) मा उल्लिखित साना किसान विकास बैंक

सट्टा

साना किसान लघु वित्त संस्था

९. दफा ३९ को उपदफा (१०) (क) तरलता व्यवस्थापनका लागि कुल सम्पत्तिको दश प्रतिशत मौज्दात राख्नु पर्ने।

सट्टा

तरलता व्यवस्थापनका लागि कम्तीमा पन्द्र प्रतिशत रकम बैंक तथा वित्तीय संस्था र सहकारी बैंक एवम् नगद मौज्दात राख्नु पर्नेछ। बैंक तथा वित्तीय संस्था र सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको नब्बे प्रतिशत रकम मात्र तरलतामा गणना गरिनेछ।

१०. दफा ३९ को उपदफा (१०) को यो ऐनमा अन्यत्र व्यवस्था भएका बाहेक संस्थाले देहाय बमोजिम कारोबारको अनुपात र सर्तहरुको पालना गर्ने गरी मात्र बचत तथा ऋणको कारोबार गर्नु पर्नेछ।

सट्टा,

यो ऐनमा अन्यत्र व्यवस्था भएका बाहेक संस्थाले प्रचलित कानुन बमोजिम कारोबारको अनुपात र सर्तहरुको पालना गर्ने गरी मात्र बचत तथा ऋणको कारोबार गर्नु पर्नेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

११. दफा ४१ व्यक्तिगत बचतको सीमा: संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्वन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

सट्टा

व्यक्तिगत बचत र ऋणको सीमा सम्बन्धी व्यवस्थाहरू: (१) संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा प्राथमिक पुँजी कोषको दश प्रतिशत हुनेछ।

(२) सदस्यको व्यक्तिगत ऋणको सीमा प्राथमिक पुँजी कोषको पन्ध्र प्रतिशत भन्दा बढी हुने छैन्।

(३) सदस्यले बिना धितो ऋण माँग गर्दा कम्तीमा ६ महिना नियमित रूपमा बचत गरेको हुनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ऋण माँग गर्दा सदस्यले बचत गरेको रकमको पाँच गुणा मात्र ऋण पाउन सक्नेछ। तर यस्तो ऋणको सीमा पाँच लाख भन्दा बढी हुने छैन्।

(५) विना धितो ऋण लिनु पर्दा अरु दुई जना सदस्यहरूको जमानी अनिवार्य हुनेछ।

(६) सवै सदस्यहरूले बचतको सुरक्षणमा नब्बे प्रतिशतसम्म ऋण लिन सकिनेछ।

(७) सञ्चालक समितिका पदाधिकारीहरू, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू एवम् व्यवस्थापकले कुनै ऋणीको जमानी बस्न पाउने छैनन्।

१२. दफा ५० को उपदफा (३) को प्रतिबन्धात्मक वाक्य-"तर एक वर्षको शेयर लाभांशको रकम शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन्।

सट्टा

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन्।

१३. दफा ७१ को उपदफा (२) नगरपालिकाले आपसी सम्झौता गरी राष्ट्रिय सहकारी महासंघ वा विषयगत सहकारी संघको सहयोग लिई संस्थाहरूको अनुगमनको प्रभावकारी व्यवस्था मिलाउन सक्नेछ।

सट्टा-

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

नगरपालिकाले संस्थाहरूको निरीक्षण तथा अनुगमनको कामलाई प्रभावकारी बनाउन तेस्रो पक्षको उपयोग गर्न सक्नेछ। यसका लागि नगरपालिकाले सहकारी अनुगमन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ।

१४. दफा ७७ हटाई देहाय बमोजिम दफा ७७ कायम गरिएको छ।

दफा ७७ व्यवस्थापन समितिको गठन:

(१) दफा ७६ बमोजिम समस्याग्रस्त घोषणा भएका संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि नगरपालिकाले प्रदेश र संघिय सरकारलको सम्बन्धित निकायलाई अनुरोध गर्न सक्नेछ वा एक व्यवस्थापन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने व्यवस्थापन समितिमा एक जना अध्यक्ष र दुई जना सदस्य रहने छन्।

(३) व्यवस्थापन समितिमा अध्यक्ष र सदस्य हुन देहायका योग्यता आवश्यक हुनेछ,

क. कम्तीमा ४५ वर्ष उमेर पूरा भएको तर ६५ वर्ष नकटेको।

ख. स्नातक तह उतिर्ण गरेको।

ग. राजनीतिक दलको सदस्य नरहेको।

घ. कुनै सहकारी संघ संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिमा नरहेको।

ङ. कुनै फौजदारी कसुरमा दोषी प्रमाणित नभएको।

च. कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश नभएको।

छ. बैंक तथा वित्तीय संस्था (बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी समेत), लेखा, लेखापरीक्षण, कानुन मध्ये कुनै एक क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको अनुभव भएको।

(४) उपदफा (२) बमोजिम गठन गरिने समितिमा कम्तीमा एक एक जना लेखा र कानुनको क्षेत्रमा कार्य अनुभव भएको व्यक्ति हुनु पर्नेछ।

(५) यस दफा बमोजिम गठन हुने व्यवस्थापन समितिका पदाधिकारीहरूको कार्यकाल दुई वर्षको हुनेछ।

(६) उपदफा (५) बमोजिम कार्यकाल समाप्त भएमा पुन: अर्को एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछ। तर यसरी नियुक्त गर्दा ६५ वर्ष उमेर पूरा भएको हुनु हुदैन।

(७) समितिको सचिवको रूपमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत कर्मचारीले काम गर्नेछन्।

(८) समितिका अध्यक्ष र सदस्यको पारिश्रमिक एवम् सुविधा कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

बर्दिबास नगर
नगर कार्यपालिका
बर्दिबास

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(९) समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

दफा ७७ क. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति, लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्थाका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बन्धित अन्य संस्था, संघ वा कम्पनीका कर्मचारी, सम्वध्द तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेस गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति तथा दायित्वको यकीन विवरण र तथ्यांक संकलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा, र मूल्यकांकन गर्ने।

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्थाको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्थाले असुल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रकृया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्ताती दिने,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नका लागि यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालन, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असुल उपर सम्बन्धी आवश्यक कारवाही गर्ने,

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट मुद्दा वा कानुनी कारबाही र कानुनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालन र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने।

प्रल्हाद कुमार क्षेत्री नगर प्रमुख

दफा ७७ ख. लगत तयार गर्ने: दफा ७७ क. को प्रयोजनका लागि व्यवस्थापन समितिले देहाय बमोजिमको लगत तयार गर्नेछ:-

(क) समस्याग्रस्त संस्थाका सदस्य, बचतकर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरूको नाम नामेशीको,

(ख) समस्याग्रस्त संस्थाको नाममा रहेको वा लगानी गरेको अचल सम्पत्तिहरूको,

(ग) समस्याग्रस्त संस्थाको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन चाँदी तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्थाले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्थाको जुनसुकै स्थानमा रहेको चल तथा अचल सम्पत्तिको।

दफा ७७ ग. दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्था: (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछ:-

(क) बचत जम्मा गर्दाका वखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी,

(ख) त्यस्तो संस्थाको जायजेथा वा दफा ७७ क. को खण्ड (ठ) बमोजिमको सम्पत्ति सरकारी बाँकी वक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी वक्यौता वा हकदावीको रकम भुक्तानी,

(ग) समस्याग्रस्त संस्थाका साहुहरूलाई भुक्तानी।

(२) यस दफा बमोजिम समस्याग्रस्त संस्थाको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संस्थाको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत फिर्ता गर्दा व्यवस्थापन समितिले तोकेको साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ।

दफा ७७ घ. बचत रकम फिर्ता सम्बन्धी विशेष व्यवस्था: (१) प्रचलित कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँ सम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ।

प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner

(२) सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढीको हकमा सम्बन्धित संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस दफा बमोजिम बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि सहकारी संस्था वा दफा ७७ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्नु अघि सम्वन्धित ऋणीलाई ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नु पर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नु पर्ने रकम भन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) सहकारी संस्थाले घर, जग्गा वा अन्य मेशिनरी औजार वा उपकरण लिज वा भाडामा उपलब्ध गराए वापत प्राप्त हुने रकम असुल गरी त्यस्तो रकम बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

(६) यस ऐन बमोजिम मुद्दा दायर भएको वा अन्य कुनै कारणले अदालत वा अन्य कुनै निकायमा सहकारी संस्थाको सम्पत्ति वा धितो सुरक्षण रोक्का भएको कारणले त्यस्तो सम्पत्ति बिक्री गरी वचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न नसकिएको र त्यस्तो सम्पत्ति वा धितो सुरक्षण बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता हुने सुनिश्चित देखिएमा सहकारी संस्था वा दफा ७७ वमोजिमको व्यवस्थापन समितिले सम्बन्धित अदालत वा निकाय समक्ष रोक्का फुकुवाको लागि अनुरोध गर्न सक्नेछ।

(७) उपदफा (६) वमोजिम अनुरो भई आएमा सम्वन्धित अदालत वा निकायले अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए त्यस्तो सम्पत्ति वा धितो सुरक्षणको रोक्का फुकुवा गरिदिनु पर्नेछ।

(८) यस दफा वमोजिम जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि मापदण्ड र समयवध्द फिर्ता कार्ययोजना बनाई बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्नु पर्नेछ।

दफा ७७ ड. संस्थाको सम्पत्तिबाट खर्च व्यहोरिने: समस्यग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्थाको सम्पत्तिबाट व्यहोरिनेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

दफा ७७ च. अधिकार स्वत: निलम्बन हुने: (१) यस ऐन बमोजिम व्यवस्थापन समिति गठन भएको मितिदेखि समस्याग्रस्त संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि स्वत: निलम्बन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्थाको समितिको सदस्य, व्यवस्थापक, तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएकोमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

दफा ७७ छ. दावी पेश गर्न सूचना दिनु पर्ने: व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्थाका सदस्य, बचतकर्ता तथा साहूहरूलाई आफूले पाउनु पर्ने रकमको सप्रमाण दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

दफा ७७ ज. दावी पेश गर्नु पर्ने: दफा ७७ च. बमोजिम सूचना प्रकाशन भए पछि समस्याग्रस्त सहकारी संस्थाका सदस्य, बचतकर्ता, साहू तथा लगानीकर्ता बैंक तथा वित्तीय संस्थाले आफ्नो पाउनु पर्ने रकमको दावी पेश गर्नु पर्नेछ।

दफा ७७ ज. उपचारात्मक कार्य गर्न सक्ने: यस ऐन बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था पुन: सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछ:-

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्थाका शेयर सदस्यहरूमध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संस्थाको साधारण सभा बोलाई सो को व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

व्यवस्थापन समितिले उपयुक्त देखेका अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्बन गर्ने।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

दफा ७७ ट. व्यवस्थापन समितिले लेखी पठाउने: (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न सम्बन्धित निकायसमक्ष लेखी पठाउन सक्नेछः-

(क) समितिको ऋणी सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारका सदस्य वा संस्था वा कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको ऋणी सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहादानी जारी नगर्न वा जारी भई सकेको भए सो राहादानी रोक्का राख्न,

(ग) समस्याग्रस्त संस्थाको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालो सूचीमा समावेश गर्न।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ।

दफा ७७ ठ. सिफारिस गर्न सक्ने: (१) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारवाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारवाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही वा अन्य आवश्यक कारवाही गर्न व्यवस्थापन समितिले सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी व्यवस्थापन समितिको काममा सहजीकरण गरिदिनु पर्नेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारवाही गर्दा दफा ७८ बमोजिमको कसूर भएको विश्वास गर्नु पर्ने मनासिब आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउनेछ।

दफा ७७ ड. प्रतिवेदन पेश गर्नु पर्ने: व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र देहायका विवरणहरू खुलाई नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुक्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

प्रह्लाद कुमार क्षेत्री
नगर प्रमुख

(घ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य विवरण।

दफा ७७ ढ. सहयोग माँग गर्न सक्ने: (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा आवश्यकता अनुसार विभिन्न निकायको सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माँग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरूसँग समन्वय गरी आफ्नो काम कारबाही अगाडि बढाउन सक्नेछ।

दफा ७७ ण. विशेषज्ञ सेवा लिन सक्ने: व्यवस्थापन समितिले अनुरोध गरेमा नगरपालिकाले सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्नेछ।

दफा ७७ त. व्यवस्थापन समितिका कर्मचारी सम्बन्धमा: नगरपालिकाले व्यवस्थापन समितिको सचिवलायका लागि जनशक्ति लगायत भौतिक श्रोत साधन उपलब्ध गराउनु पर्नेछ।

१५. दफा १०२ पछी देहाय बमोजिमका दफाहरु थप गरिएको छ

१०२(क). नगर सहकारी संजाल: (१) बर्दिवास नगरपलिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको एक नगर सहकारी संजाल गठन गर्न सकिनेछ।

(२) नगर सहकारी संजाल गठन सम्बन्धमा कार्यपालिकाले आवाश्यक कार्यविधी तर्जुमा गर्न सक्नेछ।

१०२(ख). निष्कृय सहकारी घोषणा: (१) बर्दिवास नगरपालिकाको कार्यक्षेत्र भित्ररहेका तर बर्दिवास नगरपलिकाको सम्पर्कमा नआएका सहकारी संस्थाहरुलाई कार्यबिधी बनाई निष्कृय सहकारी घोषणा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम निष्कृय घोषणा भएका सहकारी संघ-संस्थाहरुको खाता,कारोबार, सम्पति र अन्य सुविधाहरु रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ।

१०२(ग). पुर्नसंचालन व्यवस्था: (१) बिगतमा दर्ता भएका तर हाल संचालनमा नरहेका सहकारी संस्थाहरु पुर्नसंचालन गर्न चाहेमा कार्यविधी बनाई पुर्नसंचालन गर्न दिन सकिनेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख